# कार्यालय जानकारी पुस्तिका
## २०८०



कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
**भू तथा जलाधार व्यवस्थापन कार्यालय**
जुम्ला
ईमेलः jumlaswmo@gmail.com
फोन नं.: ०८७-५२००३३

# भू तथा जलाधार व्यवस्थापन कार्यालय जुम्लाको परिचय

## पृष्ठभूमिः

नेपाल प्राकृतिक रुपमा कमलो भौगर्भिक अवस्था, भिरालो भू-बनोट र अधिक मात्रामा हुने मनसुनी वर्षा आदि कारणले गर्दा जल उत्पन्न प्रकोप, खासगरी भू-क्षय जन्य बाढी तथा पहिरो आदि जस्ता समस्याहरूबाट प्रभावित भई बार्षिक रुपमा ठूलो जनधनको क्षति व्यहोर्दै आएको छ भने अनुपयुक्त भू-उपयोग, अवैज्ञानिक खेती प्रणाली, वन विनाश, अव्यवस्थित पशुपालन, वातावरणमा हुने क्षतिको पूर्व अनुमान बिना सञ्चालित विकास निर्माणका कार्यहरू जस्तै- ग्रामिण सडकको विस्तार जस्ता मानवीय क्रियाकलापहरूले भू-क्षय प्रकृयालाई अझ वढावा दिई यसबाट श्रृजित समस्यालाई अरू जटिल बनाएको छ। यसको फलः स्वरुप खेतीयोग्य जमीनको नाश हुनुको साथै मलिलो माटो बगेर जाँदा भू-उत्पादकत्वमा कमी आई खाद्यान्न उत्पादनमा समेत ह्रास आइरहेको छ। यसरी भू-क्षय जन्य समस्याले नेपालको प्राकृतिक वातावरणमा ह्रास आउनुका साथै जनताको सामाजिक र आर्थिक अवस्थामा समेत नकारात्मक प्रभाव पारेको छ। भू-क्षय श्रृजित समस्याहरूको न्यूनीकरण गर्न सहभागितात्मक जलाधार व्यवस्थापनका कार्यक्रमहरूद्वारा भू-क्षयबाट हुने माटोको उर्वराशक्तिको ह्रासलाई रोकी जल, जमीन, जङ्गल, जनसमुदाय र जीवजन्तु बीचको अन्तरसम्बन्ध सन्तुलित राख्नु आजको अपिरिहार्य छ। अतः यसको बुद्धिमतापूर्ण उपयोग गर्दै योजनावद्ध रुपमा जलाधार स्रोतहरूको व्यवस्थापन, संरक्षण र विकासद्वारा नै दिगो तथा सन्तुलित आर्थिक उन्नति हुन सक्छ भन्ने दीर्घकालिन सोच अनुरुप वि.स. २०३१ साल श्रावण २४ गते तत्कालिन वन मन्त्रालय अन्तर्गत भू तथा जल संरक्षण (हाल वन तथा भू-संरक्षण) विभाग स्थापना भएकोमा वि.स. २०७५ साल असार ३२ गतेको निर्णयबाट (मा. मन्त्रिस्तर) संघिय संरचना अनुरुप सङ्गठन संरचनामा परिमार्जन भई सातै प्रदेशमा मुख्य नदी प्रणाली बेसिन एप्रोजको आधारमा दुई/दुई ओटा भू तथा जलाधार व्यवस्थापन कार्यालय स्थापना भएका छन्। कर्णाली प्रदेशको प्रमुख नदी प्रणालीःकर्णाली र भेरी नदीमध्ये

यस कार्यालयले कर्णाली नदी प्रणालीको मुख्य जलाधार क्षेत्रमा पर्नेजुम्ला, कालिकोट, मुगु, हुम्ला जिल्ला र भेरी नदि प्रणालीको मुख्य जलाधार क्षेत्रमा पर्ने डोल्पा जिल्ला गरी यस कार्यालयको पाँचवटा जिल्लाहरू कार्यक्षेत्र रहेका छन्। मन्त्रालयलाई प्राप्त विभागिय जिम्मेवारीहरू मध्ये यस कार्यालयको प्रमुख जिम्मेवारीहरूमा प्रदेश स्तरमा जलाधार संरक्षण, जल उपयोग नीति, प्रविधि विकास र ब्यवस्थापनका कार्य, प्रदेश भित्र भू-स्खलन नियत्रण, नदी उकास तथा सडक किनारा बृक्षारोपण तथा प्रदेश स्तरमा वातावरण संरक्षण जस्ता विषयगत क्षेत्रहरू रहेका छन्। फलस्वरुप सातै प्रदेशमा स्थापना भएका भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत भू तथा जलाधार व्यवस्थापनका सेवाहरू संचालन भईरहेका छन्।

## भू तथा जलाधार व्यवस्थापन कार्यालय कार्यनीति

वि.स. २०७५ साल असार ३२ गतेको (मा.मन्त्रिस्तर) को निर्णयबाट संघीय ढाँचा अनुरुपको संगठन संरचनामा परिमार्जन भई साबिकका जिल्ला भू-संरक्षण कार्यालयहरू भू तथा जलाधार व्यवस्थापन कार्यालयमा रुपान्तरण भए पश्चात् प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत भू तथा जलाधार व्यवस्थापन कार्यालयको निम्न अनुसार कार्यनीति रहेको छ ।

### कार्यनीतिः

(१) जलाधार, उपजलाधार क्षेत्रको योजना तर्जुमा र कार्यान्वयन गर्ने ।

(२) भू तथा जल संरक्षण र जलाधार व्यवस्थापनका कार्यक्रमहरूको कार्यान्वयनमा स्थानिय तहहरूसँग सहकार्य, समन्वय र सहयोग गर्ने ।

(३) प्रदेश स्तरको जलाधार सुचना प्रणाली विकास, अध्ययन, अनुसन्धान र अभिलेखीकरण गर्ने ।

(४) प्रदेश सुहाउँदो प्रवीधिहरू विकास र विस्तार गर्ने ।

(५) प्रदेशस्तरमा प्रचारप्रसार र समन्वय गर्ने ।

(६) जलावायु उत्पन्न प्रकोप नियन्त्रणमा स्थानिय सरकारलाई सघाउने ।

(७) स्थायिन स्तरको नीति एवंम् निर्देशिकाहरू तयार गर्न सघाउने ।

(८) भू तथा जल संरक्षण र जलाधार व्यवस्थापन योजनालाई नगरपालिका/ गाउँपालिकाको समग्र विकास योजनाको रुपमा तर्जुमा गर्ने ।

(९) संघिय एवंम् प्रदेश स्तरीय भू तथा जल संरक्षण र जलाधार व्यवस्थापनका कार्यक्रमहरूलाई फिल्डस्तरमा संचालन गर्ने।

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई प्राप्त विभागीय जिम्मेवारीः

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई प्राप्त विभागिय जिम्मेवारीहरू मध्ये निम्नलिखित विषयगत क्षेत्रहरू भू तथा जलाधार व्यवस्थापन कार्यालयसँग सम्बन्धीत छन् ।

(१) प्रदेश स्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति, प्रविधि विकास, व्यवस्थापन ।

(२) प्रदेश भित्र भू-स्खलन नियन्त्रण ।

(३) प्रदेश स्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन।

(४) प्रदेश स्तरमा वातावरण सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन।

(५) प्रदेश स्तरमा वातावरणीय सूचना प्रणालीको विकास।

(६) प्रदेश स्तरमा वातावरणीय जोखिमका लागि तयारी र उद्धार।

(७) अन्तर प्रदेशीय नदी उकास तथा सडक किनारा बृक्षारोपण व्यवस्थापन।

## वन तथा भू-संरक्षण विभागः लक्ष्य, उद्देश्य, नीति र कार्यनीति

वन तथा भू-संरक्षण विभागको जलाधार सम्बन्धी लक्ष्य, उद्देश्य र कार्यनीतिहरू निम्नानुसार रहेको छ ।

### लक्ष्य

जलाधार व्यवस्थापनद्वारा नेपाली जनताको जीविकोपार्जन तथा समुन्नतिको लागि टेवा पुऱ्याउने ।

### उद्देश्य

(क) नेपालका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्द्धन गरी बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको चाप कम गर्दै पारिस्थितिक सन्तुलन कायम राख्न सघाउ पुऱ्याउने ।

(ख) जलाधार क्षेत्रहरूको वैज्ञानिक व्यवस्थापनबाट भू-क्षय कम गरी जमिनको उर्वराशक्ति कायम राख्नुको साथैविकासका पूर्वाधारहरूको संरक्षणमा सघाउ पुऱ्याउने ।

## नीतिः

जल तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन ।

## कार्यनीतिः

(१) नेपालका जलाधार क्षेत्रहरूको सूचनाहरू, भू-सूचना प्रणालीहरू, उपलब्ध नाप नक्साहरू र अन्य निकायहरूसँग रहेको तथ्याङ्कको आधारमा संकलन गर्ने, यी सूचनाहरूलाई समय सापेक्ष अद्यावधिक गर्न सम्बद्ध सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्ने ।

(२) राष्ट्रिय महत्वका राजमार्ग, पूलपुलेसा, जलविद्युतका जलाशयहरू, खानेपानीका मुहान तथा सिंचाईका श्रोतहरू, बाढीजन्य प्रकोप क्षेत्र, सुख्खा एवं मरुभूमिकरण क्षेत्रहरूका जलाधारहरूको सम्वद्ध निकायहरूसँग सहयोग लिई पहिचान गर्ने र प्राथमिकताको आधारमा जलाधार व्यवस्थापनका कार्यक्रमहरू सहकार्यमा सञ्चालन गर्ने ।

(३) प्राविधिक निर्देशिकाहरू विकासको लागि पारिस्थितिक प्रणालीको आधारमा ठाउँ सुहाउँदो, सस्तो, प्रयोग गर्न सकिने निर्देशिका तयार गर्दा प्रयोग गर्ने सरोकारवालाहरूको संलग्नता सुनिश्चित गरी खाका निर्देशिकाको नमूना परीक्षण गरी सार्वजनिक गरिने छ ।

(४) भू संरक्षण/जलाधार व्यवस्थापन कार्यहरू सहभागितामूलक कार्यपद्धतीको आधारमा प्राथमिकता दिई सञ्चालन गरिने छ र सोको सञ्चालन सम्वन्धी नीति, निर्देशिकाहरू तयार गर्ने र तत्सम्वन्धी ऐन नियम निर्माण तथा परिमार्जन र कार्यान्वयन गर्ने, गराइने छ।

(५) उपभोक्ता समूह सशक्तिकरण प्रकृया लगायत संरक्षण व्यवस्थापन कार्यहरूमा महिला, उपेक्षित/पिछडिएको समुदाय, निजी, सामुदायिक संघसंस्था, गैर सरकारी संस्था तथा स्थानीय निकायहरूको समन्वय एवं सहभागिता र लाभ

बाँडफाँडलाई सुनिश्चित गर्दै लग्ने र सोको लागि आवश्यक नीति निर्देशिकाहरू तयार गरिने छ ।

(६) जलाधार व्यवस्थापन कार्यहरूलाई आवश्यक पर्ने कार्यक्रमहरू तर्जुमा गर्ने र सो गर्दा गरिवी न्यूनिकरणको लागि आयमूलकभू-संरक्षण कार्य र लैंगिक समानताको दृष्टिकोणले उपयुक्त कार्यक्रमहरूमा जोड दिइने छ ।

(८) मध्यमस्तरीय र उच्चस्तरीय प्राविधिक जनशक्तिको सीप तथा दक्षता अभिवृद्धि गर्न जलाधार व्यवस्थापनसम्वन्धी ज्ञान, प्रविधिलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका तालिम, गोष्ठी, अध्ययन, आदिको माध्यम अपनाइने छ।

(९) जलाधार व्यवस्थापन वहुविषयक र विभिन्न निकायहरूसँग सम्वन्धित भएकोले गैरसरकारी र निजी क्षेत्रसमेतको सहभागिता हुने गरी समन्वय स्थापित गर्ने र समन्वय ढाँचालाई समय सापेक्ष परिमार्जन गर्दै अन्तर्राष्ट्रिय स्तरका सङ्गठनहरू (सरकारी र गैरसरकारी) सँग "समन्वय जालो" को स्थापना गर्ने र सोको माध्यमवाट संरक्षण कार्यहरूलाई प्रोत्साहित गरिने छ ।

## राष्ट्रिय वन नीति २०७५ मा भू तथा जलाधार संरक्षण सम्बन्धी व्यवस्था

नेपाल सरकार (मा.मन्त्रिपरिषद) को मिति २०७५/१०/२१ गतेको निर्णयानुसार वन क्षेत्रको मूल नीतिको रुपमा राष्ट्रिय वन स्वीकृत गरी लागु गरेको छ। वन, वनस्पति, वन्यजन्तु, संरक्षित क्षेत्र तथा जलाधारको संरक्षण एवं व्यवस्थापन गरी वातावरण सन्तुलन कायम राख्ने उद्देश्य राखेको वन नीतिको नीति नं.३ मा भू तथा जलाधार संरक्षण सम्बन्धी निम्न व्यवस्था गरेको छ।

### दुरदृष्टिः

वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्धारा स्थानीय र राष्ट्रिय समृद्धिमा योगदान पुऱ्याउने ।

### लक्ष्य

वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, संरक्षित क्षेत्र, जैविक विविधता र जलाधारको समुचित संरक्षण, सम्बर्द्धन र सदुपयोग ग रोजगारी सिर्जना र आय वृद्धि गरी विपन्न वर्गको जीविकोपार्जनमा सुधार र परिस्थितिकीय प्रणालीबीच सन्तुलन कायम गर्ने।

## उद्देश्य

वन, वनस्पति, वन्यजन्तु, संरक्षित क्षेत्र र जलाधारको संरक्षण एवंम् व्यवस्थापन गरी वातावरणीय सन्तुलन कायम राख्ने।

## नीति (नीति नं. ३)

जल तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्ने

## रणनीति

(१) नदी प्रणालीमा (River basin) आधारित बृहत् जलाधार क्षेत्रको अवधारणा अनुसार जलाधार क्षेत्रको संरक्षण एवं व्यवस्थापन गर्ने ।

(२) संवेदनशील जलाधारलाई संरक्षित जलाधार क्षेत्र घोषणा गरी जमिनको उपयुक्तताका आधारमा व्यवस्थापन गर्ने ।

(३) चुरे, तराई र मधेश क्षेत्रको पारिस्थितिकीय प्रणालीको एकीकृत रुपमा दिगो व्यवस्थापन गर्ने ।

(४) सिमसार क्षेत्रको पहिचान, अभिलेखीकरण तथा व्यवस्थापन गर्ने ।

## कार्यनीति

(१) भू-क्षय, बाढी, पहिरो, मरुभूमीकरण तथा नदी नियन्त्रणको लागि जलाधार क्षेत्रको पहिचान, वर्गीकरण र प्राथमिकीकर गरिने छ ।

(२) प्राथमिकताको आधारमा कार्ययोजना बनाई उपल्लो तथा तल्लो तटीय क्षेत्रको सम्बन्ध स्थापित हुने गरी जनसहभागितामूल भू तथा जलाधार संरक्षणका कार्यक्रम सञ्चालन गरिने छ ।

(३) कार्यमूलक अनुसन्धानबाट कम खर्चिलो भू तथा जल संरक्षण र कृषि वन प्रणालीको विकास गरी प्रविधि हस्तान्तरण गरिने

(४) खाद्य उत्पादन र सुरक्षामा योगदान पुर्‍याउन वन र कृषि प्रणालीबीच सामञ्जस्य कायम गरी भू-संरक्षणका कार्यत्रम सञ्चालन गरिने छ ।

(५) चुरे, तराई, मधेश लगायतका सम्पूर्ण क्षेत्रलाई राष्ट्रिय भू-उपयोग नीति अनुरुप वर्गीकरण गरी नदी प्रणालीमा आधारित एकीकृत संरक्षण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने छ ।

(६) सबै सिमसारको पहिचान तथा वर्गीकरण गरी संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवार निकाय तोकी क्षमता अभिवृद्धि गरिने छ।

(७) सिमसार र सिमसारको जलाधार क्षेत्रको जैविक विविधताको संरक्षण र दिगो उपयोगको लागि सहभागितामूलक ढंगलेसंरक्षण गरिने छ।

## कार्यक्रमहरू:

वि.स. २०३१ साल श्रावण २४ गते वन तथा भू संरक्षण मन्त्रालय अन्तर्गत स्थापना भएको भू तथा जलाधार संरक्षण विभाग तथा अन्तर्गतका कार्यालयहरू (साबिक जिल्ला भू संरक्षण कार्यालय) बाट सञ्चालन गर्ने प्रमुख कार्यक्रमहरू निम्नअनुसार रहेका छन् । वि.स. २०७५ साल असार ३२ गतेको निर्णयबाट संघीय ढाँचा अनुरुप संगठन संरचनामा परिमार्जन भई साबिकका जिल्ला भू संरक्षण कार्यालयहरू भू तथा जलाधार व्यवस्थापन कार्यालयमा रुपान्तरण भएका छन्।

### (क) भू उपयोग विकास योजना तर्जुमा

यस कार्यक्रमको मुख्य उद्देश्य भू क्षमताको आधारमा एकीकृत भू उपयोग विकास एवम् सुधार गर्न योजना तर्जुमा गर्ने रहेको छ। यस कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरू सञ्चालन गरिने छ।

(१) बृहत जलाधार/जलाधार/उप-जलाधार/नदी प्रणाली योजना तर्जुमा

(२) एकीकृत स्रोत/वन व्यवस्थापन तथा वन कार्ययोजना तर्जुमा

(३) सामुदायिक विकास समूह कार्ययोजना तर्जुमा

(४) सामुदायिक संरक्षण कार्ययोजना तर्जुमा

### (ख) भूमि उत्पादकत्व संरक्षण

यस कार्यक्रमको मुख्य उद्देश्य भूमिको उत्पादकत्वमा आउने ह्रासलाई नियन्त्रण गर्ने रहेको छ । यस कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरू सञ्चालन गरिने छ ।

(१) खेतवारी संरक्षण गह्रा सुधार, कृषि वन कार्यक्रम, भिरालो जमिनमा खेती प्रणाली

(२) संरक्षण खेतिपाती

(३) संरक्षण पोखरी निर्माण
(४) डालेघांस, भूईघांस रोपण
(५) फलफूल रोपण
(६) क्षतिग्रस्त भूमि पुनरुत्थान

## (ग) विकासका पूर्वाधार संरक्षण एवम् विकास

यस कार्यक्रमको मुख्य उद्देश्य विकासका पूर्वाधारहरू जस्तै सडक, सिंचाई, बांध, जलाशय, आदिको आयु लम्व्याई तिनको सेवालाई दिगो वनाउने रहेको छ । यस कार्यक्रम अर्न्तगत निम्न कार्यक्रमहरू सञ्चालन गरिने छ ।

(१) सडक पाखा संरक्षण
(२) गोरेटो बाटो सुधार
(३) सिंचाई कुलो सुधार
(४) पानी मुहान संरक्षण
(५) सेल्टरबेल्ट/बफरस्टीप

## (घ) प्राकृतिक प्रकोप रोकथाम


यस कार्यक्रमको मुख्य उद्देश्य प्राकृतिक प्रकोप रोकथाम गरी जनधन र प्राकृतिक स्रोत संरक्षण र सम्वर्द्धन गर्न सहयोग पुयाउनेरहेको छ। यस कार्यक्रम अर्न्तगत निम्न कार्यक्रमहरू सञ्चालन गरिने छ ।

(१) गल्छी रोकथाम/उपचार
(२) पहिरो रोकथाम/उपचार
(३) खहरे नियन्त्रण
(४) खोला किनारा सुदृढिकरण
(५) क्षतिग्रस्त भूमि पुनरुत्थान

## (ङ) सामुदायिक भू संरक्षण कार्यक्रम

यस कार्यक्रमको मुख्य उद्देश्य संरक्षण कार्यमा जनसहभागिता वढाउन भू संरक्षण तथा जलाधार ब्यवस्थापनका ज्ञान एवम् सीपको विकास गर्ने रहेको छ। यस कार्यक्रम अर्न्तगत निम्न कार्यक्रमहरू सञ्चालन गरिने छ ।

(१)  साना जलाधार संरक्षण प्रदर्शन
(२)  संरक्षण महिला, किसान तालिम, भ्रमण
(३)  उपभोक्ता समूह तालिम, भ्रमण
(४)  विद्यालय संरक्षण शिक्षा
(५)  दिवस/समारोह




## कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा भू तथा जलाधार ब्यवस्थापन योजना

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुर तथा समाप्ति) | कूल अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| १ | प्रदेशका महत्त्वपूर्ण जलाधार क्षेत्रहरूको नक्साङ्कन, वर्गीकरण र प्राथमिकीकरण | २०७६।०७७ २०८०।०८१ | ५० लाख | स्थानीय तहसँगको सहकार्यमा जलाधार, उपजलाधार व्यवस्थापन योजना बनाई कार्यान्वयन प्रारम्भ भएको हुनेछ । |

| क्र. सं. | कार्यक्रम | कार्यक्रम अवधि (सुर तथा समाप्ति) | कूल अनुमानित लागत | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|
| २ | संवेदनशील गाउँ बस्ती तथा पूर्वाधारहरूको प्रकोप जोखिम न्यूनीकरण | २०७६।०७७ २०८०।०८१ | ६० करोड | अति संवेदनशील बस्ती तथा पूर्वाधारहरूको प्रकोप जोखिम न्यूनीकरणका लागि बाढी, पहिरो, भूक्षय रोकथामका कार्यहरू र बायो इन्जिनियरिङ पद्धतिबाट सडक पाखो संरक्षण भएको हुनेछ । |
| ३ | अति जोखिम क्षेत्र पहिचान, नक्साङ्कन तथा पूर्वसूचना प्रणाली व्यवस्थापन | २०७६।०७७ २०८०।०८१ | ५ करोड | भौगोलिक, भौगर्भिक तथा मौसमी अवस्थाको अध्ययन गरी जोखिम क्षेत्र पहिचान, नक्साङ्कन तथा पूर्वसूचना प्रणाली व्यवस्थापन भएको हुनेछ । |
| ४ | चुरे क्षेत्रको जलाधार व्यवस्थापन | २०७६।०७७ २०८०।०८१ | ३ करोड | राष्ट्रपति चुरे संरक्षण कार्यक्रमसँग समन्वय गरी चुरे क्षेत्रको जलाधार व्यवस्थापन भएको हुनेछ। |
| ५ | ताल, तलैया, पोखरी तथा सिमसार क्षेत्रको पहिचान, वर्गीकरण र संरक्षण | २०७६।०७७ २०८०।०८१ | ९० करोड | स्थानीयतहसँग सहकार्य गरी ताल, तलैयो, पोखरी तथा सिमसार क्षेत्रको पहिचान, वर्गीकरण र संरक्षण गर्नुका साथै एक वडा-एक पोखरी निर्माण कार्यक्रम सञ्चालन भएको हुनेछ । |
| ६ | पानीका मुहान क्षेत्रहरू संरक्षण विशेष कार्यक्रम | २०७६।०७७ २०८०।०८१ | २६ करोड | एकीकृत जलाधार व्यवस्थापनबाट पानीको मुल संरक्षण, जल पुनर्भरणका लागि हिँउ पोखरी तथा वर्षे पोखरी निर्माण र गह्रा सुधार कार्यक्रम मार्फत पानीका मुहान क्षेत्रहरू संरक्षण भएका हुनेछन् । |

## संगठनात्मक ढाँचा

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका साविक जिल्ला भू-संरक्षण कार्यालयहरूको संगठनात्मक स्वरुपलाई परिमार्जित गरी भू तथा जलाधार संरक्षणका सेवालाई संघिय ढाँचामा रुपान्तरण गर्दै नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५/०३/३२ को निर्णयबाट नयाँ संगठनात्मक संरचना स्वीकृत गरी लागू गरिएको छ। नयाँ संगठन संरचना बमोजिम भू तथा जलाधार व्यवस्थापन कार्यालयको प्रमुखमा रा.प.द्धि. (प्रा.स्वायल एण्ड वाटर कन्जरभेसन समूह) को रहने व्यवस्था छ भने कार्यालयमा योजना तथा कार्यान्वयन शाखा, अनुगमन तथा नियमन शाखा, कर्मचारी प्रशाशन शाखा र आर्थिक प्रशासन शाखा गरी ४ शाखाहरू छन्। उक्त शाखाहरूमा वन सेवा, इन्जिनियरिङ सेवा र कृषि सेवाका प्राविधिक रहने व्यवस्था रहेको छ।

## संगठनात्मक ढाँचा

**वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत**
व.ज.व्य.अ. (अधिकृतस्तर नवौं/दशौं, वन, स्वायल)-१

**योजना तथा कार्यान्वयन शाखा**

ज.व्य.अ. (अधिकृतस्तर ७/८,वन, स्वायल)-१
ईन्जिनियर (अधिकृतस्तर ७/८, सिभिल, ईरी)-१
भू.सं.अ. (अधिकृतस्तर ७/८,वन, स्वायल)-१
वा.वि.अ. (अधिकृतस्तर ७/८, कृषि,एग्रोनोमि)-१
भू.सं.स. (सहायकस्तर ५/६,वन, स्वायल)-१
स.ई. (सहायकस्तर ५/६, सिभिल, ईरी)-१

**अनुगमन तथा नियमन शाखा**

भू.सं.अ.(अधिकृतस्तर ७/८,वन, स्वायल)-१
भू.सं.स.(अधिकृतस्तर ५/६,वन, स्वायल)-१
स.ई. (सहायकस्तर ५/६, सिभिल, ईरी)-१

**प्रशासन शाखा**

ना.सु.(सहायकस्तर ५/६,सा.प्र)-१
ह.स.चा. (श्रेणी विहिन)-२
का.स. (श्रेणी विहिन)-३

**आर्थिक प्रशासन शाखा**


लेखापाल (सहायकस्तर ५/६,लेखा)-१


हालको अवस्थामा व.ज.व्य.अ. (१), ईन्जिनियर (१) खाली रहेको।

# कार्य क्षेत्र

## कार्यालयको कार्यक्षेत्रमा रहेका जलाधार तथा सो सम्वन्धी विवरण


कर्णाली तथा भेरी नदी प्रणाली अन्तर्गत डोल्पा, हुम्ला, मुगु, जुम्ला र कालिकोट जिल्लाहरुका ७ नगर र २९ गाउँपालिकाहरु रहेका छन् । उपल्लो कर्णाली जलाधारका– कालिकोट, जुम्ला, डोल्पा, मुगु र हुम्ला समेत ५ जिल्लामा रहेका ३६ स्थानीय तहका २९६ वडाहरु पर्दछन् । भू तथा जलाधार व्यवस्थापन कार्यालयको क्षेत्र भित्र पर्ने जुम्ला, हुम्ला, मुगु, डोल्पा, र कालिकोट जिल्लाहरुमा अवस्थित २७ जलाधारहरु विवरणः







**फोटो:** *उपल्लो कर्णाली जलाधारका जुम्ला, हुम्ला, मुगु, डोल्पा र कालिकोट जिल्लाहरुमा अवस्थित २७ जलाधारहरुको नाम सहितको विवरण*

# डोल्पा जिल्ला





| जलाधार | क्षेत्रफल (वर्ग कि.मी.) | स्थानीय पालिका (आंशिक समेत) |
|---|---|---|
| १. यालाकोट-जैरी-रुप | ५७३.९ | ठुली भेरी नगरपालिका (१-९ पुरै) र काईके गाउँपालिका (२-४ पुरै तथा १ आंशिक) |
| २. बहर्बुन | १६९६.९ | छार्का तांङसोङ गाउँपालिका (१-६ पुरै), र काईके गाउँपालिका (१ आंशिक) |
| ३. तरप | ७६७.६ | काईके गाउँपालिका (५ र ७ आंशिक) र डोल्पो बुद्ध गाउँपालिका (१-३ पुरै) |
| ४. सुली गाड | १२८७.५ | त्रिपुरासुन्दरी नगरपालिका (१,२, ६-११ तथा ५ आंशिक), ठुली भेरी नगरपालिका (१०-११ पुरै), शे-फोक्सुँडो गाउँपालिका (८-९ पुरै) र काईके गाउँपालिका (५ पुरै तथा ५ र ७आंशिक) |
| ५. भेरी | १०२६.२ | जगदुल्ला गाउँपालिका (१-६ पुरै), र मुड्केचुला गाउँपालिका (१-९ पुरै) |
| ६. नाम्लन | २५९४.१ | शे-फोक्सुँडो गाउँपालिका (१-७ पुरै), डोल्पो बुद्ध गाउँपालिका (४-६ पुरै) |

# जुम्ला जिल्ला





| जलाधार | क्षेत्रफल (वर्ग कि.मी.) | स्थानीय पालिका (आंशिक समेत) |
|---|---|---|
| १. जुवा जलाधार | ५४४.४ | पातारासी गाउँपालिका (१-३ पुरे र २,४,५,६, र ७ आंशिक) |
| २. उपल्लो तिला जलाधार | ४२७.२ | गुठीचौर गाउँपालिका (१-५ पुरे) |
| ३. मध्य तिला जलाधार | १६४.४ | चन्दननाथ नगरपालिका (१-९ पुरे), तातोपानी गाउँपालिका (५ र ६ पुरे तथा १-३ आंशिक) र तिला गाउँपालिका (१,३,र ५ पुरे तथा २ आंशिक) |
| ४. गिदि-भेरी जलाधार | ६३७.२ | चन्दननाथ नगरपालिका (१० पुरै), तातोपानी गाउँपालिका (४,७ र ८ पुरै तथा १-३ आंशिक) र तिला गाउँपालिका (४, ६, ७,८ र ९ पुरै तथा २ आंशिक) |
| ५. हिमा जलाधार | ७७९.५ | हिमा गाउँपालिका (१-७ पुरै), सिंजा गाउँपालिका (१-६ पुरै), कनकासुन्दारी गाउँपालिका (१-८ पुरै), र पातारासी गाउँपालिका (२,४,५,६, र ७ आंशिक) |

# कालिकोट जिल्ला





| जलाधार | क्षेत्रफल (वर्ग कि.मी.) | स्थानीय पालिका (आंशिक समेत) |
|---|---|---|
| १. रहगाड जलाधार | १४३.५ | नरहरिनाथ गाउँपालिका |
| २. फूगाड-सान्नानी गाड जलाधार | २४७.१ | सानी त्रिवेणी गा.पा., रास्कोट न.पा., र पाचालझरना गा.पा.को केही भाग |
| ३. लिनगाड जलाधार | ३०९.८ | पलाँटा गाउँपालिकाको अधिकांश क्षेत्र |
| ४. बाम-लाफा-काउलेगाड जलाधार | १६१.२ | पाचाल झरना गा.पा.को धेरै क्षेत्र र खाँडाचक्र न.पा.को आधा |
| ५. तिला तल्लो जलाधार | २७७.४ | तिलागुफा न.पा.को धेरै क्षेत्र, खाँडाचक्र न.पा.को आधा क्षेत्र, र पलाँटा गा.पा.को थोरै क्षेत्र |
| ६. रुरु-बन्छु-भट्टगाड जलाधार | ४९९.७ | महावै र शुभकालिका गा.पा.को पुरै क्षेत्र, तिलागुफा न.पा.को केही क्षेत्र र खाँडाचक्र न.पा.को थोरै क्षेत्र |

# मुगु जिल्ला




| जलाधार | क्षेत्रफल (वर्ग कि.मी.) | स्थानीय पालिका (आंशिक समेत) |
|---|---|---|
| १. मुगु कर्णाली-उपल्लो | २१२१.३ | मुगुम कर्मारोंगगाउँपालिका (१-८ पुरै) |
| २. मुगु कर्णाली-तल्लो | ३६७.९ | सोरु गाउँपालिका (६-११ पुरै १तथा १ र ३ आंशिक) र छायाँनाथ रारा नगरपालिका (१३ र १४) |
| ३. हुम्ला कर्णाली-तल्लो | १३८.८ | सोरु गाउँपालिका (२,४,५ पुरै तथा १ र ३ आंशिक) |
| ४. घट्ट-गमगढी | २६३.१ | छायाँनाथ रारा नगरपालिका (१-८ र १०-१२ पुरै) |
| ५. रारा-खत्याड | ३४०.९ | खत्याड गाउँपालिका (१-११ पुरै), छायाँनाथ रारा नगरपालिका (९) |

# हुम्ला जिल्ला




| जलाधार | क्षेत्रफल (वर्ग कि.मी.) | स्थानीय पालिका (आंशिक समेत) |
|---|---|---|
| १. हुम्ला कर्णाली-उपल्लो | २४५६.९ | नाम्खा गाउँपालिका (१-६ पुरै) |
| २. हुम्ला कर्णाली-मध्यम | ६०१.६ | चंखेली गाउँपालिका (६ आंशिक), सर्केगाड गा पा (२-८ पुरै तथा १ आंशिक), खार्पुनाथ गा पा (१-४ पुरै तथा ५ आंशिक) र सिमकोट गा पा (४-८ पुरै) |
| ३. हुम्ला कर्णाली-तल्लो | ३४८.६ | तांजाकोट गाउँपालिका (१-५ पुरै), अदानचुली गाउँपालिका (१-५ पुरै) र सर्केगाड गा पा (१ आंशिक) |
| ४. चुवा | १३१७.२ | सिमकोट गाउँपालिका (१-३ पुरै) र खार्पुनाथ गाउँपालिका (५ आंशिक) |
| ५. लोती कर्णाली | १२७९.३ | चंखेली गाउँपालिका (१-५ पुरै तथा ६ आंशिक) |

# जलाधार क्षेत्रहरू

| संख्या | जिल्ला | जलाधार नाम | जलाधार संकेत नं | क्षेत्रफल (बर्ग किमि) | सव बेसिन |
|---|---|---|---|---|---|
| १ | कालिकोट | रहगाड जलाधार | का १ | १४३.५ | कर्णाली |
| २ | | फूगाड-सान्नानी गाड जलाधार | का २ | २४७.१ | |
| ३ | | लिनगाड जलाधार | का ३ | ३०९.८ | |
| ४ | | बाम-लाफा-काउलेगाड जलाधार | का ४ | १६१.२ | |
| ५ | | तिला तल्लो जलाधार | का ५ | २७७.४ | तिला कर्णाली |
| ६ | | रुरु-बन्छु-भट्टगाड जलाधार | का ६ | ४९९.७ | |
| ७ | जुम्ला | हिमा जलाधार | जु १ | ७७९.५ | |
| ८ | | जुवा जलाधार | जु २ | ५४४.४ | |
| ९ | | तिला मध्य जलाधार | जु ३ | १६४.४ | |
| १० | | तिला उपल्लो जलाधार | जु ४ | ४२७.२ | |
| ११ | | गिदी भेरी जलाधार | जु ५ | ६३७.२ | |
| १२ | मुगु | रारा-खत्याड | मु १ | ३४०.९ | कर्णाली |
| १३ | | मुगु कर्णाली-तल्लो | मु २ | ३६७.९ | मुगु कर्णाली |
| १४ | | मुगु कर्णाली उपल्लो | मु ४ | २१२१.३ | |
| १५ | | घट्ट-गमगढी | मु ५ | २६३.१ | |
| १६ | | हुम्ला कर्णाली-तल्लो | मु ३ | १३८.८ | हुम्ला कर्णाली |
| १७ | हुम्ला | हुम्ला कर्णाली उपल्लो | हु १ | २४५६.९ | |
| १८ | | चुवा | हु २ | १३१७.२ | |
| १९ | | लोती कर्णाली | हु ३ | १२७९.३ | |
| २० | | हुम्ला कर्णाली मध्यम | हु ४ | ६०१.६ | |
| २१ | | हुम्ला कर्णाली तल्लो | हु ५ | ३४८.६ | |
| २२ | डोल्पा | नाङखोल जलाधार | डो १ | २५९४.१ | मुगु कर्णाली |
| २३ | | जगदुल्ला जलाधार | डो २ | १०२६.२ | ठूली भेरी |
| २४ | | सुलीगाड जलाधार | डो ३ | १२८७.५ | |
| २५ | | तारप जलाधार | डो ४ | ७६७.६ | |
| २६ | | वहर्बुन जलाधार | डो ५ | १६९६.९ | |
| २७ | | यालाकोट जेरी रूप जलाधार | डो ६ | ५७३.९ | |